NJ: NUTA

# नेपाली उपन्यासमा रचना-प्रक्रियाको विषयकरण

**जीवन श्रेष्ठ**[1]

[1]नेपाली विभाग, पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय

Corresponding email: jistha@gmail.com

DOI: https://doi.org/10.3126/nutaj.v9i1-2.53855

**लेखसार**

उपन्यास लेखनका क्रममा गरिने समग्र क्रियाकलापहरू रचना-प्रक्रिया हुन् । परम्परागत रूपमा यसलाई उपन्यासबाहिरको सन्दर्भ वा रचना-गर्भ मानिएको भए पनि पछिल्लो समय यस प्रक्रियालाई नै विषय बनाएर उपन्यास रचना भएका छन् । यस समयमा उपन्यासकारमा उपन्यास सृजनाको मानसिकता निर्माण भएको प्रसङ्गसहित लेखन र प्रकाशनसम्मका समग्र प्रक्रियालाई नै विषय बनाएर लेख्ने प्रवृत्ति देखापरिरहेको छ। यसलाई उत्तरआधुनिकतावादी आख्यानको एउटा विशेषता मानिन्छ । रचना-प्रक्रियाको विषयकरणले आख्यानबाहिरको यथार्थलाई आख्यानभित्रको काल्पनिक संसारमा प्रस्तुत गरी यथार्थ र कल्पनाबिचको भेद मेटाउँछ तर यसबाट पाठकमा एक प्रकारको भ्रम सिर्जना हुन्छ, जसलाई उत्तरआधुनितावादले यथार्थका रूपमा स्वीकार गर्दछ। यसले परम्परागत औपन्यासिक संरचनालाई भञ्जन गरी नवीन आख्यान संरचना निर्माण गर्दछ । नेपालीमा रचना गरिएका यस प्रवृत्तिका उपन्यासहरूको खोजी र गहन अध्ययन हुन सकेको छैन । यस सन्दर्भमा रचना-प्रक्रियाको विषयकरणको सैद्धान्तिक आधार के-कस्तो रहेको छ र नेपाली उपन्यासमा रचना-प्रक्रियाको अनुकरण कसरी गरिएको छ भन्ने समस्यामा केन्द्रित भएर यो अनुसन्धान गरिएको छ। यसका लागि उपन्यासको विषयसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा नेपाली उपन्यासको अध्ययन गरी रचना-प्रक्रियालाई विषयकरण गरिएका उपन्यासहरूको खोजी गरिएको छ । ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटाको 'ज्यागा' (२०५०), राजेन्द्र पराजुलीको 'अनायिका' (२०६३), टङ्कप्रसाद चौलागाईंको 'कथाको खोजी' (२०६४) र राजवको 'बेकारीमा उपन्यास' (२०६९) आदि उपन्यासमा रचना-प्रक्रियाको विषयकरण गरिएको छ । 'यस प्रकारका उपन्यासले नवीन विषयको खोजी गरी उपन्यासलाई काल्पनिक संसारबाट वास्तविक जीवनको यथार्थ संसारमा ल्याउने प्रयास गरेको छ । यसको परिणामस्वरूप यथार्थ र कल्पनाको भेद समाप्त भई भ्रम सिर्जना भएको छ । यस्तो लेखन उत्तरआधुनिकतावादी चिन्तनबाट प्रभावित भएकाले यसले उपन्यासको परम्परागत विधागत संरचना तथा अवधारणालाई भञ्जन गरी नवीन संरचना निर्माण पनि गरेको छ । यसले नेपाली उपन्यासलाई प्रयोगको एउटा नयाँ मोडमा पुऱ्याएको भए पनि उपन्यास विधालाई जीवन र समाजको यथार्थबाट बिमुख गराएको छ ।

*शब्दकुञ्जी :* उत्तरआधुनिकतावाद, औपन्यासिक संरचना, विधागत भ्रम, विधाभञ्जन

## विषय परिचय

रचना-प्रक्रिया भनेको कृति रचना गर्ने योजना, प्रक्रिया र यसअन्तर्गतका कार्यहरू हुन् । कुनै पनि साहित्यिक कृति रचना गर्नुअघि रचनाकारले तय गरेका योजना र त्यस क्रममा उसले गरेका सम्पूर्ण कार्यहरूरचना-प्रक्रियाअन्तर्गत पर्छन् । कृतिको रचना गर्नुअघि विभिन्न प्रभावक तत्त्वहरूका आधारमा रचनाकारको मानसिकतामा एउटा योजना निर्माण हुन्छ र त्यसको कार्यान्वयनका निम्ति गरिने भ्रमण, भेटघाट, कुराकानी, अध्ययन, लेखन, समयको व्यवस्थापन, लेखन कार्य तथा त्यसको प्रकाशनसम्मका बाह्य पक्षहरूरचना-प्रक्रियाअन्तर्गत पर्दछन् । कुनै पनि औपन्यासिक कृतिको जन्म त्यसको रचना-प्रक्रियाको परिणाम हो । रचना-प्रक्रिया वास्तविक जीवनको यथार्थ प्रक्रिया भएकाले यसलाई परम्परागत आख्यानमा पाठभित्र समावेश गरिँदैन थियो । वर्तमान समयका उपन्यासहरूमा यसलाई उपन्यासभित्रै समावेश गरी कतिपय उपन्यासहरूले यसैलाई विषय बनाएको पाइन्छ । नेपालीमा उपन्यास रचनाअघि गरिने घटनाको खोजी, प्रेरणास्रोत, लेखनका प्रयास, लेखकीय अनुभूति, प्रकाशन सन्दर्भ आदिलाई विषयवस्तु बनाइएको छ ।

नेपालीमा मौलिक उपन्यास लेखनारम्भ भएको एक शतकर आधुनिकताको प्रवेश भएको आठ दशक भइसकेको छ । यस बिचमा नवीन विचार, विषय र शिल्पको खोजी गरिएका विविध प्रवृत्तिका उपन्यासहरू सिर्जना भएका छन् । विशेषतःबिसको दशकपछिका प्रयोगशील उपन्यासहरूमा नवीन प्रयोगतर्फको झुकाव देखिएको छ । उत्तरआधुनिकतावादी चिन्तनको प्रभावका कारण पचासको दशकपछि यो अझ विस्तार भएकोछ । यस प्रकारका उपन्यासहरूमा नवीन विषयको खोजी गर्ने सन्दर्भमा रचना-प्रक्रियाको विषयकरण गरिएको छ ।

नेपाली उपन्यासमा रचना-प्रक्रियाको विषयकरणका सम्बन्धमा नेपाली समालोचनामा गहन अध्ययन भएको छैन । नेत्र एटम (२०६७) ले समकालीन नेपाली उपन्यासमा प्रयुक्त विषय" शीर्षकको लेखमा *अनायिका,* प्रेतकल्प, अकल्पनीय आदि उपन्यासमा रचना-प्रक्रिया नै विषय बनाई सिर्जनाप्रति अनास्था प्रकट गरिएको कुरा उल्लेख गरेका छन् तर तिनको सन्दर्भपरक गहन विश्लेषण गरेका छैनन् । कुमारप्रसाद कोइराला (२०६८) ले "समकालीन नेपाली उपन्यासका प्रमुख प्रवृत्तिहरू" शीर्षकको लेखमा यसलाई प्रयोगपरक उपन्यासको सूचीमा ज्यागा संलग्न गराएका छन् तर यसलाई आधुनिकतावादी प्रवृत्ति भनी व्याख्या गरेका छन् । उनले उत्तरआधुनिकवादी प्रवृत्तियुक्त उपन्यासहरूको चर्चा गर्ने सन्दर्भमा पराऔपन्यासिक कृतिका रूपमा *अनायिका* उपन्यासको नाम लिएको भए पनि तिनमा प्रयुक्त रचना-प्रक्रियाको विषयकरणसम्बन्धमा कुनै चर्चा गरेका छैनन् । यसरी रचना-प्रक्रियालाई विषय बनाएका उपन्यासहरूको गहन खोज गरी तिनको वस्तुगत विश्लेषण हुन सकेको छैन । यद्यपि यस प्रकारका उपन्यासहरूको रचना उल्लेख्य मात्रामा भएकाले तिनको सैद्धान्तिक चिन्तनको आधार खोजी गर्ने, प्रयोगगत विविधताको अध्ययन गर्ने, औपन्यासिक मूल्य तथा योगदानका सन्दर्भमा सूक्ष्म अध्ययन गर्नु प्राज्ञिक दृष्टिले वाञ्छनीय देखिन्छ । त्यसैलेरचना-प्रक्रियाको विषयकरणको सैद्धान्तिक आधार के-कस्तो रहेको छ र नेपाली उपन्यासमा रचना-प्रक्रियाको अनुकरणकसरी गरिएको छ भन्ने समस्याका केन्द्रित भएर यो अनुसन्धान गरिएको छ ।

## विश्लेषण विधि

रचना-प्रक्रियाको विषयकरण गरिएका उपन्यासहरू प्रस्तुत अध्ययनका प्राथमिक सामग्री हुन् । तिनको छनोट नेपाली प्रयोगपरक उपन्यासहरूको समग्र अध्ययनबाट गरिएको छ । त्यस्तै उपन्याससम्बन्धी सैद्धान्तिक र प्रायोगिक सामग्रीहरू यसका द्वितीयक सामग्री हुन् । यी सामग्रीहरूको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ ।यसको विश्लेषण उपन्यासको विधागत सिद्धान्त, नेपाली उपन्यास परम्परा र उत्तरआधुनिक आख्यान लेखनको

सिद्धान्तलाई आधार बनाएर गरिएको छ । यसमा पाठका तथ्यहरूको विश्लेषणका आधारमा समाधान खोजिएको हुनाले यो लेखपाठ-विश्लेषणमा आधारित छ । त्यसैले यो गुणात्मक प्रकृतिको शोध हो ।

## उपन्यासको विषय र रचना-प्रक्रियाको विषयकरणसम्बन्धी सैद्धान्तिक चर्चा

उपन्यास साहित्यको आख्यान विधाअन्तर्गतको एउटा उपविधा हो । यसमा विचार अभिव्यक्तिका लागि विषय र शिल्प दुईवटा आधारभूत पक्षहरू हुन्छन् । उपन्यासको विषय 'के' भन्ने प्रश्नको उत्तरसँग सम्बन्धित भएर आउँछ । प्राचीन ग्रिसेली चिन्तक एरिस्टोटलले जीवनजगत्‌को अनुकरणलाई नै कलाको विषयकारूपमा चर्चा गरेका छन् । यस आधारमा उपन्यास शब्दका माध्यमबाट कलात्मक ढङ्गले गरिएको जीवनजगत्‌को अनुकरण हो ।

आधुनिक कालको यथार्थवादी प्रवृत्तिको विकासमा उपन्यास विधाको योगदान महत्त्वपूर्ण रहेको छ भने उत्तरआधुनिकतावादी युगमा पनि उपन्यास विधालाई विशेष रूपमा उपयोग गरिएको पाइन्छ । हाल यो समाज तथा जीवनको समग्र अध्ययन गर्ने साहित्यको प्रतिनिधि विधाका रूपमा स्थापित भएको छ । यस प्रकारको ऐतिहासिक परिप्रेक्ष्यमा "उपन्यास अध्ययनको समग्रता 'के' र 'कसरी' मा विभाजित भएको" पाइन्छ, 'के'लाई जोडदिनेहरू समाज, इतिहास, सामाजिक सम्बन्ध, मानवीय मूल्य र औपन्यसिक परम्पराको नवीन समृद्धिलाई जोड दिन्छन्" (बराल, २०६३ क, पृ. १८) । यस आधारमा उपन्यास अध्ययनको 'के' अर्थात् विषयसँग जीवनसम्बद्ध विविध पक्षहरू पर्छन् । त्यसैले हेनरी जेम्स (सन् १८८४, पृ. ३३) ले वैयक्तिक जीवन-अनुभव र अनुभूति नै उपन्यासको विषय हुन आउँछ भन्ने विचार प्रस्तुत गरेका छन् । कृष्णचन्द्रसिंह प्रधानले (२०६१, पृ. ४) व्यक्तिको वैयक्तिक जीवन तथा सामाजिक जीवन हुने भएकाले उपन्यासमा दुवै प्रकारका जीवन विषयका रूपमा आउँछ भन्ने विचार व्यक्त गरी उपन्यासको विषयलाई समाजसँग जोडेका छन्। यसरी मानव जीवन र मानव समाज नै उपन्यासको विषय हुन्छ भन्ने विचार विद्वान्‌हरूको रहेको छ ।

उपन्यासको विषय विचार-निर्देशित हुन्छ । उपन्यासकारले विचारको परिपाकका लागि उपयुक्त विषय छनोट गर्छ । यसैमा घटनाहरू घटित हुन्छन्, पात्रहरूले भूमिका खेल्छन् । विचारकै धरातलमा विषय र शिल्पको चयन गरिन्छ । विषयले विचारलाई धरातल प्रदान गर्दछ भने शिल्पले त्यसलाई कलात्मकता प्रदान गर्दछ । यसरी चयनित विषयक्षेत्रभित्र मानव जीवनको कुनै पनि पक्ष आउनसक्छ भन्ने कुरा माथि चर्चा गरिएका विद्वान्‌हरूको मतले पुष्टि गर्दछ । यस सन्दर्भमा कलासिर्जना पनि मानवजीवनकै एउटा विशिष्ट पक्ष हो । यसलाई उपन्यासकारले खास विचारको परिपाकका निम्ति कलासिर्जनाको प्रक्रियालाई पनि विषय बनाउनसक्छ ।

उपन्यासको रचना-प्रक्रिया पनि मानव जीवनको एउटा यथार्थ पक्ष हो । यथार्थको प्रकटीकरणमा नै उपन्यासको सार्थकतानिहित छ । कृष्णचन्द्रसिंह प्रधानका विचारमा "उपन्यास यथार्थको सबैभन्दा सशक्त अङ्ग हो र अभिव्यक्ति पनि । उपन्यास नै यथार्थलाई जन्माउने र हुर्काउने तथा यो नै त्यसको अभिव्यक्तीकरणको प्रमुख वा एकमात्र स्वतन्त्र विधा हो ... सत्य उपन्यासको आधार हो, त्यसकारण यथार्थसित उपन्यासको अविच्छिन्न सम्बन्ध हुन्छ" (२०६१, पृ. ६९) । यसै अविछिन्न सम्बन्धको सादृश्यमा यथार्थवादी लेखनले जीवनजगत् जस्तो छ, त्यस्तै चित्रण गर्ने प्रयास गरेको छ तर हिलारी पुटनामले वस्तुगत संसारको यथार्थ चित्र भाषाले कोर्न सक्दैन किनभने वस्तुगत संसारसँग हाम्रो संज्ञानात्मक पहुँच मात्र छ भन्ने विचार व्यक्त गरेका छन् (सन् १९९०, पृ. २८) । उपन्यासको यथार्थ भनेको भाषासम्बद्ध सङ्केत व्यवस्थाहरूद्वारा व्यक्त गरिएको यथार्थ मात्र हो जुन वास्तविक हुन सक्दैन । उनका विचारमा भाषिक सङ्केत आफैमा यथार्थ अभिव्यक्तिका निम्ति पूर्ण हुँदैन । बरु यसले वास्तविक यथार्थभन्दा पर अर्को भाषिक यथार्थको निर्माण गर्दछ । त्यसैले यथार्थवादी उपन्यासले वास्तविक यथार्थ

र आख्यानको यथार्थ बिच दूरी निर्माण गरेको छ । रचना-प्रक्रियाको विषयकरणले यसै दूरीलाई मेटाउने प्रयास गर्छ । पाट्रिसियाबाका विचारमा मूलतः आख्यानको यथार्थ भनेको सामाजिक यथार्थमाथिको लेखकीय दृष्टिकोण हो । यी दुई यथार्थबिचको सम्बन्ध जटिल अवस्थामा रहेको हुनाले उनले वास्तविक र काल्पनिक संसारबिचको सम्बन्धलाई मर्मत गर्न र बुझ्न रचना-प्रक्रियाको विषयकरण आवश्यक हुन्छ (२००१, पृ. ३७) । यसरी यथार्थवादी उपन्यास लेखनले जीवनजगत्को यथार्थलाई वस्तुगत ढङ्गले चित्रण गर्नमा असमर्थ रहेकाले त्यस सीमाबिच अर्को यथार्थका रूपमा रचना-प्रक्रियालाई विषयका रूपमा उपयोग गरिएको छ ।

रचना-प्रक्रियाको विषयगत प्रयोग आख्यान लेखनको पछिल्लो प्रवृत्ति हो, जसले यथार्थको अनुकरणसम्बन्धी परम्परागत धारणालाई नै अस्वीकार गरको छ । लिन्डा हचिअनले उत्तरआधुनिक उपन्यास लेखनमा अनुकरण सिद्धान्तको परम्परागत धारणालाई पुनर्निर्माण गरिएको विचार व्यक्त गरेकी छिन् (सन् १९८०, पृ. ५) । उनका विचारमा उन्नाइसौँ शताब्दीको यथार्थवादी अनुकरणको आधार आख्यानबाहिरको वास्तविक संसार थियो । त्यस समयको अनुकरण 'उत्पादनको एउटा अनुकरण' थियो भने पछिल्लो समयका उपन्यासहरूमा अनुकरणको आधार आख्यानभित्र वास्तविक संसारको सम्बन्ध सिर्जना गर्ने प्रक्रिया रहेको छ, जसलाई 'प्रक्रियाको एक अनुकरण'भनिन्छ (सन् १९८०, पृ. ५) । त्यसैले यथार्थवादी उपन्यासले अनुकरण गर्ने यथार्थ भनेको जीवनजगत्को यथार्थ हो भने उत्तरआधुनिकतावादी उपन्यासले अनुकरण गर्ने यथार्थ भनेको लेखनप्रक्रियाको अनुकरण हो ।

साहित्यमारचना-प्रक्रियाको अनुकरण वा विषयकरण पनि वर्तमान जीवनको सान्दर्भिक यथार्थ हो । वर्तमानको एउटा बढ्दो रुचि भनेको कलामा के सिर्जना गरिन्छ भन्ने मात्र होइन । यसलाई कसरी सिर्जना गरिन्छ भन्ने पनि हो (हचिअन, सन् १९८०, पृ. ८) । अहिलेको आम जिज्ञासा उत्पादन प्रक्रियामाथि रहेकाले कुनै उत्पादित वस्तुमाथि मान्छेको विश्वास त्यसको उत्पादन प्रक्रियाका आधारमा अडेको हुन्छ । उत्पादन प्रक्रियाको ज्ञानले मात्र उत्पादित वस्तुमाथि आम उपभोक्ताको विश्वास रहन्छ । त्यसैले उत्पादक कम्पनीहरूले उत्पादन प्रक्रियालाई पनि उत्पादित वस्तुसँगै देखाउने गर्छन् । उत्पादन प्रक्रियाप्रतिको विश्वासले आम उपभोक्ताको विश्वास जित्न सकिने भएकाले उत्पादन प्रक्रियालाई पारदर्शी बनाइएको हुन्छ । यसरी नै आख्यानको यथार्थलाई पनि विश्वासयोग्य बनाउन त्यसको रचना-प्रक्रियालाई पनि आमपाठक माझ प्रस्तुत गर्नु वर्तमानको आवश्यकता रहेको विचार हचिअनको रहेको छ ।

रचना-प्रक्रियाको विषयकरण उत्तरआधुनिकतावादी आख्यानलेखनको एउटा प्रवृत्ति हो । त्यसैले यसले पाठपछाडिका अदृश्य यथार्थको खोजी गरी अर्को सत्य निर्माण गर्ने प्रयास गर्दछ । पाट्रिसिया वाका विचारमा उत्तरआधुनिक आख्यानको सम्बन्ध पाठपछाडिका यथार्थसँग रहेको हुन्छ (२००१, पृ. ८९) । आख्यान रचनामा पाठ पछाडिका यथार्थ भनेको यसको रचना-प्रक्रिया पनि हो । आख्यान रचनाका सम्बन्धमा लेखकले तय गरेका सम्पूर्ण चरणहरूलाई विषयका रूपमा खुलस्त पारी नवीन यथार्थको उजागरमा यसले जोड दिएको छ । परम्परागत आख्यानमा पाठबाहिरको एउटा यथार्थ र पाठभित्रको अर्को यथार्थनिहित हुने भए पनि यी दुई बिचको अर्को यथार्थको अस्तित्व रहेको पाइँदैन । यस सन्दर्भमा परम्पराले बेवास्ता गरेको तेस्रो यथार्थका रूपमा उत्तरआधुनिकवादी आख्यानले रचना-प्रक्रियाको विषयकरण गरेको छ । यसरी उत्तरआधुनिकतावादी दृष्टिबाट आख्यानमा यसको औचित्यलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छः

(क) आख्यान लेखनमा नवीन यथार्थको खोजी गर्न,
(ख) आख्यानपछाडि लुकेको यथार्थलाई बाहिर ल्याउन,

(ग) वास्तविक जीवनको यथार्थ र आख्यानको काल्पनिक यथार्थ बिचको भेदलाई मेटाउन,
(घ) पाठकमा यथार्थ र कल्पनाबिच भ्रम सिर्जना गरी सत्यप्रतिको भ्रमलाई यथार्थका रूपमा प्रस्तुत गर्न,
(ङ) आख्यानको परम्परागत मान्यतालाई भञ्जन गर्न,
(च) आख्यान लेखनमा नवीन विषयको खोजी गर्न,
(छ) वर्तमान समयको परिवर्तित यथार्थलाई आख्यानका माध्यमबाट सम्बोधन गर्न ।

यसरी रचना-प्रक्रियाको विषयकरण उत्तरआधुनिकतावादीलेखनको महत्त्वपूर्ण प्रवृत्ति भएको स्पष्ट हुन्छ । त्यसैले यसलाई उत्तरआधुनिकतावादी चिन्तनले सैद्धान्तिक आधार प्रदान गरेको यथार्थ पनि प्रस्ट भइसकेको छ । यसै सन्दर्भमा नेपाली उपन्यासमा पनि रचना-प्रक्रियाको विषयकरण गरिएको छ । यस्ता उपन्यासहरूको खोजी गरी तिनको प्राज्ञिक विश्लेषण गर्नु आवश्यक छ । त्यसैले यहाँ नेपाली उपन्यासमा रचना-प्रक्रियाको विषयकरण गरिएका उपन्यासहरूको खोजी गरी तिनको विश्लेषण गरिएको छ ।

**रचना-प्रक्रियाको विषयकरण र नेपाली उपन्यास**

नेपाली उपन्यासमा रचना-प्रक्रियालाई विषयका रूपमा प्रयोग गरिएको छ । उत्तरआधुनिकतावादी चिन्तनको प्रभावस्वरूप पचासको दशकपछिका उपन्यासहरूमा यसको प्रयोग हुन थालेको छ । यसै क्रममा ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटाको *ज्यागा* (२०५०) यस किसिमको पहिलो नेपाली उपन्यास हो । यसलाई राजेन्द्र पराजुलीको *अनायिका* (२०६३), टङ्कप्रसाद चौलागाईंको *कथाको खोजी* (२०६४) र राजवको बेकारीमा उपन्यास(२०६९) अझ अगाडि बढाएको छ ।

ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटाको *ज्यागा* (२०५०) उपन्यासमा रचना-प्रक्रियाको अनुकरण गरिएको छ । दुईजना लेखकहरूबिच नयाँ विषयमा उपन्यास लेख्ने कुरा भएको, त्यस क्रममा भुटानी शरणार्थीको विषयमा उपन्यासहरू नलेखिएकाले त्यसलाई विषय बनाउने सल्लाह भएको, त्यसका लागि भुटानी शरणार्थीहरू भएको शिविर भ्रमण जाने तयारी गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । यसका साथै शरणार्थी शिविरको भ्रमण गरी विभिन्न व्यक्तिहरूसँग कुराकानी गरेको, ती व्यक्तिहरूबाट उनीहरूको विगत र आगतका अप्ठ्याराहरूबारे जानकारी दिएइएको, ती विषयलाई आधार बनाएर उपन्यासको खाका तयार गर्ने प्रयास गरेको, त्यसको शीर्षक राख्ने सन्दर्भमा छलफल भएको र राजधानी फर्किएर उपन्यास तयार गर्ने सल्लाह गरेको सन्दर्भपनि यसमा प्रस्तुत गरिएको छ । यसरी उपन्यास लेखनका लागि तयार भएको मानसिक अवधारणा र त्यसका लागि आवश्यक सामग्री सङ्कलन गरी उपन्यास लेख्ने प्रयास गरिएका सन्दर्भहरूजस्ता उपन्यासको रचना-प्रक्रियालाई यस उपन्यासमा जस्ताको त्यस्तै अनुकरण गरिएको छ ।

राजेन्द्र पराजुलीको *अनायिका* (२०६३) कृतिमारचना-प्रक्रियाको अनुकरण गरिएको अर्को नेपाली उपन्यास हो । यसमा माओवादी द्वन्द्वका विषयमा उपन्यास लेख्न प्रकाशकसँग करार गरेको उपन्यासकारले उक्त विषयको खाजीका लागि द्वन्द्वग्रस्त क्षेत्रको भ्रमण गरेको घटना उपन्यासभित्रै चित्रण गरिएको छ । उपन्यासकारले द्वन्द्वग्रस्त क्षेत्रमा पाएका दुःख, उनले विभिन्न व्यक्तिहसँग गरेको भेटघाट, द्वन्द्वमा संलग्न एक व्यक्तिसँगको परिचय, उसको जीवनकथाबाट उपन्यास प्रभावित भएको र उसैको जीवनलाई आधार बनाएर उपन्यास लेख्न थालेको तर समयभित्र उपन्यास लेखेर पूरा गर्न नसकेको, प्रकाशकले समय सीमा बढाइदिएको र उपन्यास लेखेर प्रकाशन भएको सन्दर्भसँगै उपन्यास समाप्त भएको छ । यसरी प्रस्तुत उपन्यासमा रचना-प्रक्रियाको समग्र पक्षलाई उपन्यासभित्र प्रस्तुत गरिएको छ ।

टङ्कप्रसाद चौलागाईंको *'कथाको खोजी'* (२०६४) मा उपन्यास लेखनका लागि कथाको खोजी गरिएको देखि उपन्यास प्रकाशनपछिसम्मका घटनाहरू प्रस्तुत गरिएको छ । यसमा विभिन्न विद्यालयहरूमा गई नाटक प्रदर्शन गर्ने लेखकले तिनै विद्यार्थीहरूको जीवन-कथालाई आधार बनाउन तिनीहरूलाई आफ्नो जीवन-कथा लेख्न लगाएको, तीमध्ये एक जना विद्यार्थीको जीवन-कथाले उसलाई प्रभावित बनाएको र उसको सम्पूर्ण जीवन-कथा लेख्न लगाई आफ्नो उपन्यासका लागि सामग्री तयार गरेको, त्यसका आधारमा उपन्यास तयार गरी प्रकाशन गरेको र प्रकाशन भइसकेपछि उक्त वास्तविक पात्र र उपन्यासको ख्याति बढेको सन्दर्भहरू प्रस्तुत गरिएको छ ।

राजवको *बेकारीमा उपन्यास* (२०६९) रचना-प्रक्रियाको अनुकरण गरिएको अर्को उपन्यास हो । यसमा एक जना शिक्षित युवाले जागिर खोज्ने क्रममा विभिन्न व्यक्तिहरूबाट जागिर खानु अथवा पिएचडी गर्नुभन्दा उपन्यास लेखे नाम र दाम कमाउन सकिन्छ भन्ने सल्लाह पाएको र त्यसपछि उपन्यास लेख्ने मानसिकता बनाई घटनाको खोजी गर्न थालेको सन्दर्भलाई उपन्यासको विषय बनाइएको छ ।

यस प्रकार नेपाली उपन्यासमा रचना-प्रक्रियाको अनुकरण गरिएका उपन्यासहरूमा उपन्यास रचनाको मानसिकता निर्माणदेखि उपन्यास प्रकाशनपछिसम्मका अनौपचारिक सन्दर्भहरू प्रस्तुत गरिएका छन् । ती उपन्यासहरूमा मूलतः लेखकका मनमा उब्जेका मनोभाव र विचार, घटनाको खोजी, त्यस क्रममा गरिएका यात्रा, उपन्यास लेखनका प्रयास र प्रकाशनको सन्दर्भ रहेका छन् । तिनलाई यस प्रकार चर्चा गर्न सकिन्छः

**मनोभाव र विचार**

उपन्यासको लेखन कार्यअघि लेखकका मनमा विभिन्न भावहरू उत्पन्न भएको हुन्छ । उपन्यासको विषय छनोटदेखि सामग्री सङ्कलन र अध्ययनका क्रममा लेखकका मनमा उत्पन्न भाव र विचारहरूको प्रस्तुति उपन्यासभित्रै गरिएको छ । *ज्यागा* उपन्यासमा लेखकको मनमा उब्जेको उपन्यास लेख्ने विचारलाई यसरी प्रस्तुत गरिएको छ : "एक्कासि मेरो मनमा के आयो, मैले भनें- 'उपन्यास लेख्ने हो ? हामीले अहिलेसम्म जीवनमा उपन्यास ट्राइ गरेकै छैनौं" (पृ. ६) । उपन्यासमा समाख्याताका रूपमा प्रस्तुत दुईजना लेखकहरूका बिचमा उपन्यास लेखनबारे भएको थप संवादलाई यसरी उल्लेख गरिएको छ :

> सिडीले भन्यो- "उपन्यास लेख्ने हो भने, आफैले त्यसको महान्ता बताउँदै हिड्नुपर्ने उपन्यास म लेख्न चाहन्नँ । केही युनिक होस्, नलेखिएको कुनै विषय होस्, अनि लेख्ने । उपन्यास लेखन एउटा गम्भीर कर्म हो, हामी त्यसलाई हलुको नबाइदिऊँ । बरु नलेखौं । पर्खौं । मनमा लिऊँ, एउटा उपन्यास लेख्नु छ जीवनमा तर आत्तिएर नलेखौं ।"
>
> मैले भनें - "पर्खनु पर्दैन । यो उपन्यास हामी भित्रको संवेदनशील र सजग लेखकले लेख्छ, हामीलाई छोपेको छुद्र लेखकले होइन । एउटा विषय छ ।"
>
> - 'कस्तो विषय ?'
>
> 'तैंले भनेजस्तो, युनिक, यहाँ नलेखिएको किसिमको ।' (पृ. ६)

*अनायिका*मा पनि काठमाडौंबाट टाढा गएर उपन्यास लेख्ने क्रममा लेखकको मनमा उब्जेको नयाँ ठाउँप्रतिको उत्सुकता प्रस्तुत गरिएको छ । द्वन्द्वग्रस्त क्षेत्रमा गएर उपन्यासका लागि सामग्री खोज्नुपर्ने भएकाले उनको मनमा भय र उत्सुकता रहेको छ - "..सम्भवतः भत्किाएका मन, खण्डहर बस्तीसँग साक्षात्कार गर्न पाउने अवसरले मेरो लेखक मनमा यो अति उत्सुकता जगाएको हुनुपर्छ । उत्सुकताले नै मभित्र उपन्यासलेखनका निम्ति एउटा रोचक

प्लट तयार भएको छ" (पृ. ४) । यसका अतिरिक्त घटनालाई कसरी प्रस्तुत गरी पाठकलाई आकर्षित गर्ने भन्ने विषयमा उत्पन्न मनोभावमा यसमा रहेको छ, "उपन्यासको आरम्भ कहाँबाट गर्ने ?... यसको बयान मात्र पर्याप्त हुँदैन साहित्यमा । यो मूल सामग्री हुनसक्छ, तर प्रमुख कुरो त यस विषयलाई कसरी प्रस्तुत गर्ने र आमपाठकका निम्ति सुरुचिपूर्ण बनाउने भन्ने नै हो" (पृ. १०) । यसरी लेख्नु अघिका रोमाञ्चकता, उत्सुकता, भय, योजनालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

उपन्यास लेख्नुअघि लेखकका मनमा उत्पन्न भावहरू परम्परागत दृष्टिले लेखनका बाह्य पक्ष हुन् । त्यसैले तिनलाई कृतिभित्र चित्रण गरिँदैन तर माथिका कृतिहरूमा यस प्रकारका भावनाहरूलाई कृतिभित्रै विषयगत रूपमा प्रस्तुत गरिएको छ । यसले परम्परागत अवधारणालाई भत्काएर उपन्यासलाई काल्पनिक साहित्यिक विधाभन्दा बढी यथार्थ लेखनका रूपमा उभ्याएको छ ।

**उपन्यास लेखनको प्रेरणा**

उपन्यासकार कुनै न कुनै प्रेरणाबाट प्रेरित भएर उपन्यास सिर्जनामा लाग्दछ । यो लेखकको निजी र भित्री यथार्थ हो तर पछिल्ला समयका उपन्यासमा यस प्रकारको सन्दर्भलाई पनि उपन्यासभित्रै प्रस्तुत गरिएको छ । *बीकारीमा उपन्यास*मा स्नातकोत्तर उत्तीर्ण गरेको बेरोजगार विद्यार्थीले विद्यावारिधि अध्ययन गर्ने मनस्थिति बनाएको सन्दर्भमा उसका गुरुलगायत अन्य आफन्त र मित्रहरूले उपन्यास लेख्न सुझाव दिएको सन्दर्भलाई विषयगत रूपमा पाठभित्र चित्रण गरिएको छ । यस सन्दर्भमा उसका गुरुले दिएका सुझाव र प्रेरणा यस्ता छन् :

'यो पिएचडीको चक्कर छोड ।'
'यसले तिमीलाई खान दिँदैन ।'
'बरु उपन्यास लेख्न थाल ।'...
'मैले ठट्टा हैन, साँच्चिकै भनेको हुँ उपन्यास लेख्न थाल ।'...
'मलाई लाग्छ पिएचडीले पनि तिमीलाई केही दिँदैन, त्यसको सट्टा उपन्यास लेख्यौ भने धेरै गर्छ ... ।' (पृ. ६/७)

उपन्यासकार कामको खोजीमा जता गए पनि सबैले फुर्सदमा उपन्यास नै लेख्ने सल्लाह दिएका छन्, "त्यसले पनि उसलाई प्रोफेसरले झैँ, घ्यू पसलेले झैँ, घरपतिले झैँ, साथीले झैँ, मामाले झैँ, अर्थशास्त्रीले झैँ, पत्रकारले झैँ, बगरेले झैँ, कबाडीले झैँ भेटिएका यस्तै अन्यले झैँ उपन्यास लेख्ने सल्लाह दिएर पन्छाएको थियो" (पृ. १९) । उसलाई यसको धेरै फाइदा रहेकाले सबैले यसमा लाग्न प्रेरित गरेका छन् : "उसको घरपतिले उसलाई कीर्ति राख्न भनेको थियो । उसको मामाले भाग्य चम्कने कुरा गरेको थियो । तस्करले मान, सम्मान, यश, पुरस्कार, दाम पाम्ने कुरा गरेको थियो । यस्तै कुरा प्रोफेसरले पनि उसलाई सुनाउँदै भनेको थियो, "उपन्यासले नाम दिन्छ, दाम दिन्छ, हल्ला दिन्छ" (पृ. २४) । यसरी विभिन्न किसिमले प्राप्त प्रेरणा र सल्लाहलाई पनि यस उपन्यासमा जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ ।

यस प्रकार उपन्यास लेखनका लागि प्राप्त प्रेरणा र सल्लाहलाई नै विषयका रूपमा प्रस्तुत गरी यस उपन्यासले परम्परागत अवधारणालाई भञ्जन गरेको छ । यसले उपन्यासजस्तो औपचारिक लेखनलाई अनौपचारिक लेखनका रूपमा प्रस्तुत गरेको छ । उपन्यास लेखनअघि विभिन्न पक्षहरूबाट प्राप्त सुझाव र प्रेरणा परम्परागत दृष्टिमा उपन्यासको बाह्य पक्ष हुन्, यी लेखकीय जीवनको यथार्थ पक्ष पनि हो तर लेखकीय जीवनका यथार्थ पक्षलाई उपन्यासको काल्पनिक संसारमा प्रवेश गराई यसले उपन्यास र यथार्थ जीवनबिचको सीमालाई पनि भत्काएको छ ।

**घटना वा सामग्रीको खोजी गरेको सन्दर्भ**

उपन्यासका लागि घटना वा सामग्रीको खोजी गरेको सन्दर्भलाई विषयकरण गरिएको छ । ज्यागामा उपन्यास लेख्ने पूर्वतयारीका साथ हिँडेका लेखकहरू शरणार्थी शिविरको एउटा स्थानलाई आधार बनाएर घटना सङ्कलन गर्ने विचार गरेका छन्, "निकै ठाउँ घुम्यौँ । अन्त्यमा एक ठाउँलाई हाम्रो आधार बनायौँ । हामीलाई सजिलो के थियो भने, उपन्यासको यथार्थ, गणितको यथार्थजस्तो हुँदैन । त्यसकारण, हामी जति ठाउँको यथार्थ बटुले पनि, एउटैमा चित्रित गर्न स्वतन्त्र थियौँ । त्यही गर्‍यौँ पनि" (पृ. ९) । उनीहरूले त्यहाँ विभिन्न शरणार्थीहरूलाई भेट गरी तिनको जीवनकथा सुनाउन आग्रह गरेका छन् । तिनका विगत सुनेर र वर्तमानको अवलोकन गरी उनीहरूले आवश्यक सामग्री सङ्कलन गरेका छन् ।

*अनायिका*मा पनि घटनाको खोजी गरिएको विषय रहेको छ । यसमा लेखकले उपन्यास सिर्जनाका निम्ति सम्बन्धित ठाउँमा पुग्नअघि भेट भएकी एउटी नारीलाई विषय बनाउने प्रयास गरेको छ : "त्यही नायिका, उसको व्यवहार, विचार एउटा अध्ययनको विषय बन्न सक्दैन" (पृ. ३१) ? सोहीअनुरूप उसले विभिन्न पटक भेट गरी उसका जीवनका आरोहअवरोहको सोधखोज गरी त्यसलाई आधार बनाएर उपन्यास लेखेका छन् : "अब उनकै अनुभव, जीवनगतिमा सशस्त्र विद्रोहको असर जोडेर पुस्तक लेख्ने पनि बताएँ । केही नढाँटी सबै बताएँ" (पृ. ४८) । यसरी प्रस्तुत उपन्यासमा द्वन्द्वग्रस्त स्थलको भ्रमण त्यसैमा आधारित घटनाको चित्रण उपन्यासभित्रै गरिएको छ ।

*कथाको खोजी*मा पनि उपन्यास रचनाका लागि कथाको खोजी गरिएको प्रसङ्गरहेको छ । यसमा लेखकले एउटा संस्थामार्फत विद्यालयहरूमा गएर नाट्य कार्यशाला र प्रदर्शनी गर्ने त्रममा कथाको खोजी गरेको छ : "तेस्रो स्कुलमा पनि नाट्य कार्यशाला सुरु भयो, जहाँ मैले कथा खोज्ने प्रयास गरेँ" (पृ. ५) । उक्त विद्यालयमा विद्यार्थीहरूलाई गृहकार्य दिइएकामा एकजना विद्यार्थीले आफ्नै जीवनको कथा सुनाउन थालेपछि त्यसलाई किताब बनाएर लेख्ने प्रयास गरिएको छ ।

बेकारीमा उपन्यासमा उपन्यासको विषय खोजी गरिएको प्रसङ्गलाई पनि कृतिभित्र नै चर्चा गरिएको छ । यसमा पात्रले उपन्यास लेख्नका लागि विषयका बारेमा विचार गरिएको सन्दर्भ यस प्रकार रहेको छ :

> विषय आफैभित्र खोज । ... मैले आफैभित्र खोज भन्नाले तिम्रा आफ्ना भोगाइ, अनुभव, देखेजानेका परिवेश होलान्, तिमीले आफ्ना वरिपरिका मानिसहरूका सङ्घर्ष देखेका हौलाऊ, त्यतातिर हेर र तीमध्ये कुनैलाई टिपेर उपन्यास लेख्न थाल भन्ने हो, त्यसो गर्‍यौ भने तिमी आफैभित्र उपन्यास भेट्टाउँछौ । (पृ. २५)

यस प्रकार उपन्यास लेखनका लागि विषयक्षेत्रका आधारमा घटनाहरूको खोजी गरिएको सन्दर्भलाई विषयकरण गरिएको छ । लेखकले आफ्नो उद्देश्यअनुरूप घटनाहरूको यथार्थ प्रस्तुतिका निम्ति विभिन्न किसिमले घटनाहरूको खोज गर्न सक्छन् । त्यस्ता विषय उपन्यासका सन्दर्भमा बाह्य यथार्थ पक्षहरू हुन् । तर उपर्युक्त नेपाली उपन्यासहरूमा त्यस्ता पक्षहरूलाई पनि पाठभित्रै चित्रण गरिएको छ । तिनमा सम्बन्धित क्षेत्रको भ्रमण-अवलोकन, विभिन्न व्यक्तिहरूसँगको कुराकानी र उनीहरूको जीवन-अनुभूति सुनेर अथवा पढेर घटनाहरूको सङ्कलन गरिएको छ ।

**लेखनको प्रयास**

उपन्यास लेखनका लागि सामग्री सङ्कलन गरिसकेपछि त्यसको दस्तावेज तयार गरेको सन्दर्भ पनि यस किसिमका उपन्यासमा रहेका छन् । यसलाई *ज्यागा* उपन्यासमा यस प्रकार उल्लेख गरिएको छ :

> अब सब समाप्त भएको थियो । फर्किन मात्र बाँकी थियो । त्यसअगि गर्ने काम बाँकी थियो । उही उपन्यास लेख्ने काम । ... केही दिन यहीँ बसेर, पूरा उपन्यास यहीँ लेखेर समाप्त गर्ने, अनि मात्र यहाँबाट प्रस्थान गर्ने । अरु कुनै विकल्प हामीले आफ्नो लागि राखेका थिएनौँ (पृ. १३३) ।

*अनायिका*मा पनि उपन्यास लेखनको प्रयास उल्लेख गरिएको छ । यसमा द्वन्द्वग्रस्त स्थानमा बसेर लेख्न सक्ने अवस्था नभएकाले विषयलाई टिपोट गरेर काठमाडौँमा नै बसेर लेख्ने विचार गरेको उल्लेख गरिएको छ- "मलाई अब यहाँ बसेर उपन्यास लेख्न असम्भव लागेको थियो, बरु यहाँका विषय डायरीमा टिपेर काठमाडौँमै बसेर उपन्यास लेख्नु राम्रो हुन्छजस्तो लाग्यो" (पृ. ४३) । उपन्यासकारले निश्चित समयसीमाभित्र लेख्नुपर्ने बाध्यताको चित्रण पनि यसमा गरिएको छ- "म रामकोटमा सकेसम्म कम बसूँ र जम्माजम्मी बाह्र दिनमा उपन्यासको पाण्डुलिपि उसलाई दिऊँ, तर केही नगरी मेरा आठ दिन बितिसकेका थिए । अब काठमाडौँ पुग्ने दिनसमेत गन्ने हो भने नौ दिन गइसकेको थियो । एक प्रकारको छटपटीले मलाई ग्रस्त पारिसकेको थियो" (पृ. ५६) । यसरी निश्चित समय लिएर उपन्यास लेख्न गएको लेखकले समयसीमाभित्र उपन्यास लेख्न नसक्ने भएपछि उसमा उत्पन्न भएको छटपटीलाई पनि यसमा प्रस्तुत गरिएको छ । लेखकले समयसीमाभित्र उपन्यास तयार गर्न नसकेपछि प्रकाशक रिसाएको तर लेखकले वास्तविकता बताएपछि उसले समयसीमा थपिदिएको पनि यसमा उल्लेख गरिएको छ :

> उपन्यास तयार नगरेको सुरुमा त प्रकाशक मसँग झोक्कियो तर सबै कुरा सुनेपछि उसले पुनः मलाई लेख्नका निम्ति अवधि थपिदियो । ऊ कुनै पनि हालतमा उपन्यास यसै वर्षको माघ महिनाको पहिलो हप्ता बजारमा ल्याउन चाहन्थ्यो । उपन्यास छाप्ने कामलाई उसले एक हप्ता मात्र छुट्ट्याएको थियो । (पृ.७५)

उपन्यास लेखनको समयसीमा साँघुरो हुँदै गएपछि उनले मोबाइल र घरको फोन बन्द गरी लेख्न बसेको उल्लेख गरेका छन् । त्यसको पाँचौँ दिनमा उपन्यास लेखेर सकेको र उनको नायिका मालाको फोटो प्रदर्शनीको दिन प्रकाशकलाई पाण्डुलिपि उपलब्ध गराउने विचार गरेको पनि उनले चर्चा गरेका छन् :

> एक हप्ताभित्र उपन्यास कुनै पनि हालतमा तयार गर्नुपर्थ्यो । म यतिखेर समयको दास भएको थिएँ । मोबाइल तथा घरको फोन पनि बन्द गरिदिएँ र लेख्न थालेँ उपन्यास । पाँचौँ दिनमा लेख्ने कामको समाप्तिसँगै एउटा निधो गरेँ मैले- जुन दिन मालाको फोटो प्रदर्शनी हुनेछ त्यही दिन प्रकाशकलाई मेरो उपन्यासको पाण्डुलिपि दिने छु । (पृ. १०३)

सम्पूर्ण किसिमले उपन्यास तयार पारिसकेपछि फोटो प्रदर्शनी चलिरहेको बेला त्यसको पाण्डुलिपि प्रकाशकलाई उपलब्ध गराएको घटना पनि यसमा प्रस्तुत गरिएको छ- "फोटो बिक्री हुने क्रम बढ्दो थियो । मैले त्यही बखत प्रकाशकलाई मेरो उपन्यासको पाण्डुलिपि दिएँ । ... आगामी महिनाको पहिलो हप्ता यो उपन्यास बजारमा आउनेछ र यो प्रथम संस्करणमा दस हजार प्रति प्रकाशित हुनेछ" (पृ. १२३) । यसरी प्रस्तुत उपन्यासमा लेखनका प्रयासदेखि प्रकाशनसम्मका सन्दर्भलाई उपन्यासभित्रै प्रस्तुत गरिएको छ ।

त्यस्तै *कथाको खोजी*मा पनि लेखकले उपन्यास लेख्न गरेको प्रयास चित्रण गरिएको छ । सामग्री भेला गरेर उपन्यास लेख्न बस्ता ध्यान एकीकृत हुननसकेको प्रसङ्ग यसमा रहेको छ- "म पनि घर जान्छु । खाजा खान्छु ।

कथा टाइप गर्न कम्प्युटर खोल्छु । आधीजस्तो टाइप गरेँ । तर राम्ररी ध्यान गइरहेको छैन । कम्प्युटर खोल्ने बित्तिकै अरूहरू कुरामा ध्यान बाँडिन्छ । यो मेरो दैनिकी हो" (पृ. ५७) । यसरी आफैले कथा राम्रोसँग लेख्न नसक्ने भएपछि यसमा कथा भन्ने बालिकालाई नै कथा लेख्न लगाउने विचार गर्छ र उसले कथा लेख्न थालेको र यसको शीर्षक पनि राखेको सन्दर्भ पनि यसमा उल्लेख गरिएको छ :

"तिमीले कथा लेख्न सुरु गर्‍यौ ?", मैले भने ।

"अँ सर । आधाजति त पहिला पनि लेख्या थेँ ।", लक्ष्मी भन्छे ।

"तिमीले छिटो सक्यौ भने छिट्टै प्रेसमा दिनुपर्छ । शीर्षक के राख्यौ तिमीले ?", मैले भनेँ ।

"पहिलै हो लेखेको । मैले त शीर्षक 'छोरी' भनेर राख्या छु सर । किनकि गङ्गा छोरी भएकी कारणले त उसले दुःख पाएकी हो ।", लक्ष्मी भन्छे । (पृ. ६७)

यसरी उनले कथाको पुरै भाग लेखेर दिएको र प्रकाशित भएको सन्दर्भ पनि यसमा आएको छ- 'उसले मलाई पुरै कथा पनि लेखेर दिई । कथा उसकै नाममा छापिने तयारी भयो । नवीन प्रकाशनले 'छोरी'शीर्षकमा यसको प्रकाशन गरिदिने जिम्मा लिइदियो । यसलाई अङ्ग्रेजीमा पनि रूपान्तर गरेर निकाल्ने तयारी भयो" (पृ.७४) । त्यसपछि पात्र स्वयम्ले आफ्नो पुस्तक विमोचन गराएको सन्दर्भ पनि यसमा रहेको छ- "नवीन प्रकाशनबाट उसको किताब प्रकाशित भयो । अग्रज साहित्यकर्मी, कलाकर्मी, सञ्चारकर्मी र आगन्तुकका माझ किताबको विमोचन गुरुकुलमा भयो" (पृ.७५) । यसरी पुस्तक प्रकाशित भएपछि लेखिका खुसी भएकी र त्यसमा सहयोग गर्ने लेखक पात्रप्रति आभार प्रकट गरेको सन्दर्भ पनि यसमा प्रस्तुत गरिएको छ- "मैले त यो कथा यसरी किताबका रूपमा निस्केला भनेर सपनामा पनि सोचेको थिइनँ हजुरले मेरो सपनालाई साकार पारिदिँदै हुनुहुन्छ सर । जिन्दगीमा सबैभन्दा खुसी भएको क्षण हो यो सर" (पृ.७५) । यसरी एउटी बालिका लेखकका रूपमा स्थापित भएको सन्दर्भसहित उसले उपन्यास लेखनका क्रममा पार गरेका विभिन्न चरणहरूको चित्रण उपन्यासभित्रै गरिएको छ ।

बेकारीमा उपन्यासमा सबैजनाको सल्लाह, प्रेरणा र उत्साहका कारण उपन्यास लेख्ने सोचाइ आएको उल्लेख गरिएको छ । गाउँका विभिन्न व्यक्तिहरूको प्रवृत्ति र स्वभाव देखेर उसमा पनि उपन्यासको विषय भरिएको पाउँछ र तुरुन्तै काठमाडौँ गएर उपन्यास लेख्न थाल्ने विचार प्रस्तुत गरेको छ :

"भोलि म काठमाडौँ जान्छु ।"

"किन ?"

"लेख्नु छ ।"

"के ?"

उसले अक्षर अक्षरमा भन्यो, "उ प न्या स" ।

...

"बेकारीमा के गर्ने त ?" (पृ. १४२)

यस प्रकार प्रस्तुत कृतिमा उपन्यास लेख्ने तयारी गरिएको सन्दर्भलाई विषयवस्तु बनाइएको छ । उपन्यास लेख्ने विचार नभएका व्यक्तिमा उपन्यास लेख्ने विचार उत्पन्न भएको र यस क्रममा उसले उपन्यास लेखिरहेका विभिन्न व्यक्तिहरूबाट प्रेरणा लिएको सन्दर्भहरूको चित्रण गरिएको छ ।

## विश्लेषण र मूल्याङ्कन

उपन्यासमा कुनै विचार, दर्शन वा दृष्टि प्रस्तुत गर्नका लागि विषयको छनोट गरिन्छ। विचार वा दर्शन अमूर्त हुन्छ। यसलाई मूर्तरूप प्रदान गर्न विषय-क्षेत्रअन्तर्गत घटनाहरूको संयोजन गरिन्छ र त्यसै अनुकूल पात्र, परिवेश, भाषा आदिको छनोट गरिन्छ । यसले अमूर्त विचारलाई मूर्त र कलात्मक बनाउँछ । यस प्रकारको कलात्मकता सिर्जना गर्ने प्रमुख घटक कथ्य-विषय र शिल्प हुन्। कथ्य-विषय र तद्अनुरूपको शिल्प-संयोजनले नै औपन्यासिक दृष्टिलाई मूर्त रूपमा स्पष्ट बनाउन सक्छ । यस अर्थमा रचना-प्रक्रियालाई विषय बनाउने कार्य पनि निश्चित विचारको अभिव्यक्तिका लागि भएको छ ।

नेपाली मानवीन मूल्य स्थापना गर्ने सन्दर्भमा रचना-प्रक्रियाको विषयकरण प्रयोगपरक दृष्टिले एउटा सफल प्रयोग हो । विशेषतः उत्तरआधुनिकतावादी चिन्तनलाई नवीन विषयका माध्यमबाट नेपाली उपन्यासमा प्रवेश गराउने कार्यमा यसको मूल्य उच्च रहेको छ । यसले एकातिर उपन्यासको परम्परागत विषय र संरचनालाई चुनौती दिएको छ भने अर्कातिर नवीन विषय र नवीन मूल्यको खोजी पनि गरेको छ । उपन्यास लेखन आफैमा एउटा यथार्थ हुँदाहुँदै पनि परम्पराले यसलाई उपन्यासको विषय बनाउन नसकेको सन्दर्भमा यसले छोपिएको, पन्छाइएको सीमान्तकृत विषयलाई अगाडि ल्याएको छ । लेखनको वास्तविक संसार र आख्यानको काल्पनिक संसारलाई मिसाएर यसले एक प्रकारको भ्रम सिर्जना गरी जीवनको भ्रमपूर्ण बचाइलाई पनि सजीव संरचनाका माध्यमबाट प्रस्तुत गरेको छ । यसरी नवीन चिन्तनको अभिव्यक्तिका सन्दर्भबाट यस प्रकारको प्रयोग सफल रहेको छ ।

वैचारिक अभिव्यक्तिका दृष्टिले सबल रहे पनि रचना-प्रक्रियाको विषयकरण गरिएका नेपाली उपन्यासहरूमा पूर्णतः रचना-प्रक्रियालाई विषय बनाइएको छैन । पत्रकारिताको रिपोर्ताज शैलीबाट प्रभावित भई अन्य विषयलाई पनि सँगसँगै उजागर गरिएको छ । यसले गर्दा विषयगत द्वैधता देखापरेको छ । *ज्यागा* उपन्यासमारचना-प्रक्रियासँगसँगै भुटानी शरणार्थीहरूको जीवनयथार्थलाई पनि मुख्य विषय बनाइएको छ । *अनायिका*मा द्वन्द्वका कारण विसङ्गत बन्न पुगेको ग्रामीण जीवनको यथार्थ र *कथाको खोजी*मा अनाथ बालिकाको यथार्थलाई विषय बनाइएको छ। रचना-प्रक्रियाको अनुकरणले शरणार्थी जस्तो संवेदनशील विषयलाई ज्यागा उपन्यासले प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सकेको छैन भने *अनायिका* उपन्यासमा द्वन्द्वको विषय पनि गौण बन्न पुगेको छ । त्यस्तै रचना-प्रक्रियाप्रतिको झुकावका कारण *कथाको खोजी* उपन्यासमा पनि अपाङ्ग बालिकाको कथा ओझेलमा परेको छ। यी उपन्यासहरूमा रचना-प्रक्रियाका विविधि पक्षहरूलाई सग्लो रूपमा प्रस्तुत गरिएको भए पनि उपन्यासको मूल विषयको संवेदनशीलता र रचना-प्रक्रियाको विषयकरणबिच तादात्म्यता छैन । यिनमा रचना-प्रक्रियाको विषयकरण एउटा शिल्पका रूपमा मात्र रहेको देखिन्छ। यसरी विषय र शिल्पबिच तादात्म्य सम्बन्ध हुन नसक्दा यो प्रयोग औचित्यहीन बन्न पुगेको छ। त्यसैले नेत्र एटमले "यसले पाठकलाई यथार्थ र रचनाबारे भ्रम सिर्जना गरिदिन्छ र सम्पूर्ण चित्रण खालि 'किताबको कुरा' मा सीमित गरिदिन्छ" भनी यसको आलोचना गरेका छन् (२०६७, पृ. २५) । यसबाट उपन्यास विधा जीवनयथार्थबाट विमुख हुने सम्भावना पनि बढेको छ। ऋषिराज बरालको विचारमा यो 'विधा सिद्धान्तको निषेध" हो जसले "यथार्थ र इतिहासबोधको पक्षलाई निषेध गरेको छ" (२०६३ ख, पृ. ४३)। उपन्यासको कलागत मूल्य समाजका यावत् पक्षको सौन्दर्यीकरणमा नै निहित हुने भएकाले यसलाई समाज र जीवनको दायित्वबाट विमुख गराउँदा विधागत दुर्घटना हुनसक्छ ।

राजवको बेकारीमा उपन्यासमा गरिएको रचना-प्रक्रियाको अनुकरण औपन्यासिक उद्देश्य र विषयगत प्रयोगका दृष्टिले अन्य उपन्यासहरूभन्दा सबल रहेको छ । उपन्यास विधाप्रतिको आम रुचिलाई यस उपन्यासमा नवीन

विषयका माध्यमबाट प्रस्तुत गरिएको छ । अन्य उपन्यासहरूमा लेखकहरूको उपन्यास लेख्ने पूर्वयोजनाअनुरूप घटनाको खोजी गरेको विषय छ भने यसमा परिस्थितिअनुरूप उपन्यास लेख्ने योजना बनाई घटनाको खोजी गरिएको विषय रहेको छ । उपन्यास विधाको लोकप्रियताले साहित्येतर क्षेत्रका व्यक्तिहरूमा पारेको प्रभाव तथा नाम र दामका लागि उपन्यास लेख्न प्रयास गर्ने लेखकहरूको जीवनयथार्थलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ। यसका लागि रचना-प्रक्रियालाई विषय बनाइएको छ। उपन्यासको उद्देश्य र विषयगत प्रयोगको एकरूपताका कारण यो उपन्यास रचना-प्रक्रियाको विषयकरणका दृष्टिले सफल रहेको छ ।

## निष्कर्ष

उपन्यासमा यथार्थ जीवनजगत्लाई आधार बनाएर काल्पनिक संसार निर्माण गरिएको हुन्छ । यस क्रममा उपन्यास लेखनले विभिन्न चरणहरू पारगरेको हुन्छ। उपन्यास सिर्जना गर्नुअघि लेखकले विभिन्न किसिमले प्रेरणा प्राप्त गरी लेख्ने मनस्थिति बनाएको हुन्छ । त्यसपछि विषय एवम् घटनाको खोजीका लागि विभिन्न स्थानको भ्रमण, कुराकानी, अध्ययनजस्ता कार्यहरूगरेको हुन्छ ।त्यसपछि उपयुक्त समय र स्थानमा बसेर उपन्यासको लेखन कार्य गरी प्रकाशन प्रक्रियासम्मको चरण पारेको हुन्छ । यो कुनै पनि उपन्यासकारले गर्ने वास्तविक जीवनका यथार्थ प्रक्रियाहरू हुन् । यसलाई उपन्यासको काल्पनिक संसारमा प्रस्तुत गर्ने परम्परा रहेको पाइँदैन । तर वर्तमान समयमा यसै प्रक्रियालाई नै विषय बनाएर उपन्यास सिर्जना गरिएको छ। नेपाली उपन्यासमा पनि कथ्यका रूपमा नै रचना-प्रक्रियाको प्रयोग गरी विषयगत नवीनताको मात्र खोजी गरिएको छ । वर्तमान समयको यथार्थ भनेको प्रक्रियाप्रतिको रुचि पनि हो भन्ने कुराको चित्रणका निम्ति यस प्रकारको प्रयोग गरिएको छ । त्यस्तै यसमार्फत् उपन्यासको काल्पनिक संसारमा प्रवेश गरेको पाठकलाई लेखनप्रक्रियाको वास्तविक संसारमा उभ्याई भ्रममा पार्न खोजिएको छ । मानव-निर्मित सत्य भ्रम भएकाले मान्छेको जीवनबचाइ नै भ्रामक रहेको छ भन्ने वैचारिक अभिव्यक्तिका निम्ति आख्यानमा यस प्रकारको प्रयोग गरिएको छ ।

नेपाली उपन्यासमा नवीन यथार्थको खोजीका क्रममा रचना-प्रक्रियालाई विषयका रूपमा प्रयोग गरिएको छ। यसले उपन्यास लेखनको परम्परागत संरचनालाई भङ्ग गरी नवीन संरचनाको निर्माण गर्ने प्रयास गरेको छ । उपन्यास लेखनभित्र विलुप्त यथार्थलाई उपन्यासभित्रै उजागर गरेर यसले बहिष्कृत यथार्थलाई केन्द्रमा ल्याएको छ । यस अर्थमा यो उत्तरआधुनिकतावादी चिन्तनबाट प्रेरित छ । यद्यपि यो आफैमा पूर्णतः विषयकृत बन्न पनि सकेको छैन । अन्य विषयको उजागरका निम्ति यसलाई माध्यमका रूपमा मात्र प्रयोग गरिएकाले यसमा विषय र शिल्पबिच तादात्म्यता पाइँदैन । यसका साथै यसले उपन्यासलाई जीवनबाट विमुख बनाएको छ । उपन्यासको सार्थकता सामाजिक जीवनका यावत् पक्षहरूसँगको सम्बन्धबाट प्रकटित हुन्छ तर जीवन र समाजलाई बहिष्कार गरी यसले उपन्यासलाई कलागत संसारको साँघुरो घेराभित्र सीमित गरेको छ । यद्यपि शिल्पगत नवीनता र उत्तरआधुनिकतावादी चिन्तनको औपन्यासिकीकरणका दृष्टिले यस किसिमको प्रयोग सार्थक नै देखिएको छ ।

## सन्दर्भ सामग्री

एटम, नेत्र (२०६७). *नेपाली डायस्पोरा र अन्य समालोचना.* काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. ।
कोइराला, कुमारप्रसाद (२०६८). *आख्यान विमर्श.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।
गौतम,कृष्ण (२०६७). *उत्तरआधुनिक संवाद.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।
गौतम, ध्रुवचन्द्र र ध्रुव सापकोटा (२०५०). *ज्यागा.* काठमाडौँ : देशान्तर प्रकाशन ।
चौलागाईं, टङ्कप्रसाद (२०६४). *कथाको खोजी.* (?) : निर्मलकुमार रिमाल ।
नेपाल, घनश्याम (सन् २००५). *आख्यानका कुरा.* सिलगढी : एकता बुक हाउस प्रा. लि. ।

पराजुली, राजेन्द्र (२०६३). *अनायिका.* ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१). *नेपाली उपन्यास र उपन्यासकार* (चौथो संस्क.). ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६३क). *उपन्यासको सौन्दर्यशास्त्र* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६३ख). *सूचनाभूमण्डलीकरण र सांस्कृतिक साम्राज्यवाद.* काठमाडौँ : ऐरावती प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०५९). *उत्तरआधुनिकतावादको सन्दर्भमा नेपाली आख्यान.* उत्तरवर्ती साहित्य.१२(३). पृ. ३५-५२ ।

राजव (२०६९). *बेकारीमा उपन्यास.* काठमाडौँ : साङ्ग्रिला बुक्स प्रा. लि. ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *नेपाली उपन्यासको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, जीवन (सन् २०२१). आधुनिक नेपाली उपन्यासको नवीन चरण. *स्कलार्स जर्नल* ४ (पृ. २६९-२८२). स्कलार्स एसोसिएन अफ नेपाल ।

सुवेदी, राजेन्द्र (२०६४). *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति.* ललितपुर : साझा प्रकाशन ।

Hutcheon, L. (1980). *Narcissistic Narrative: The Metafictional Paradox*. Waterloo: Wilfrid Laurier University Press.

James, H. (1884). *The Art of Fiction*. Global Grey 2019. Retrieved from www.globalgreyebooks.com/art-of-fiction-ebook.html. 12-28-2020.

Putnam, H. (1990). *Realism with a Human Face*. Edited by James Conant. Harvard University Press .

Selden, Raman (ed.) (1988). *The Theory of Criticism*.London : Longman.

Waugh, Patricia (2001). *Metafiction:The Theory and Practice of Self-Conscious Fiction.* Tailor and Franciz. Elibrary.